नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिँहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

पत्र संख्या:-२०७६/०७७
चलानी नं. ११०

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

मितिः-२०७६/०६/१२

विषयः- आयोजनाहरु माग गर्ने सम्बन्धमा ।

श्री महा/उप-महा/नगरपालिका सबै,
श्री गाउँपालिका सबै,

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको प.सं. २०७६/०७७, च.नं.२२८, मिति २०७६/०६/०८ को पत्र यसैसाथ संलग्न छ । पत्रबाटै व्यहोरा अवगत गर्नुभई आयोजनाको विवरण तयार गरी राष्ट्रिय योजना आयोगमा पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

६/१२

..............................
(केशवराज पार्धे)
शाखा अधिकृत

**बोधार्थः**
श्री राष्ट्रिय योजना आयोग(सुशासन तथा सामाजिक विकास महाशाखा), सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गर्नुहुन ।

नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
(सुशासन तथा सामाजिक विकास महाशाखा)

पो.ब.नं.: १२८४
फोन नं.: ४२११०६१
फ्याक्स : ४२११७००
URL: www.npc.gov.np
e-mail: npcs@npcnepal.gov.np
सिंहदरबार, काठमाण्डौं, नेपाल ।

पत्र संख्या २०७६/०७७
च.नं. २२८

मिति: २०७६/०६/०८

श्रीमान् सचिवज्यू

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

४१५०
मिति २०७६/६/९

विषयः पत्राचार गरी समन्वय गरिदिने सम्बन्धमा ।

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संशोधन कार्यविधि, २०७६ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संशोधन कार्यविधि, २०७६ मा व्यवस्था भएबमोजिम प्रदेश र स्थानीय तहबाट कार्यक्रमहरु/आयोजनाहरूमा समपूरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी अनलाईनमार्फत राष्ट्रिय योजना आयोगमा पठाउन भनी मिति २०७६/०६/०७ को गोरखापत्र राष्ट्रिय दैनिकमा जारी भएको सूचना यसै पत्रसाथ संलग्न छ । साथै, यस सम्बन्धी अनलाईन लिंक र सन्दर्भ सामाग्रीहरु यस आयोगको वेवसाईट (www.npc.gov.np) मा राखिएको छ । उपरोक्त सम्बन्धमा स्थानीय तहले सूचना जारी भएको मितिले ३० दिनभित्र आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरु तयार गरी अनलाईनमार्फत राष्ट्रिय योजना आयोगमा माग गर्न ताँहाबाट सबै स्थानीय तहमा पत्राचार गरी समन्वय गरिदिनुहुन सादर अनुरोध छ ।

डा. किरण रुपाखेती

सहसचिव

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

## सिंहदरबार, काठमाडौं

## प्रदेश र स्थानीय तहमा समपूरक तथा विशेष अनुदान बाँडफाँड गर्न आयोजना/कार्यक्रम प्रस्ताव आव्हान गरिएको सूचना

(प्रकाशित मिति: २०७६/०६/०७)

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संशोधन कार्यविधि, २०७६ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ र संशोधन कार्यविधि, २०७६ मा व्यवस्था भएबमोजिम प्रदेश र स्थानीय तहबाट कार्यक्रमहरू/आयोजनाहरूमा समपूरक तथा विशेष अनुदान माग गर्न आयोजना/कार्यक्रम प्रस्ताव सहित विवरणहरू तयार गरी यो सूचना जारी भएको मितिले ३० दिनभित्र अनलाईनमार्फत राष्ट्रिय योजना आयोगमा पठाउनुहुन सबै प्रदेश तथा स्थानीय तहलाई यो सूचना जारी गरिएको छ। प्रस्ताव पेश गर्दा प्रदेश तहको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाबाट पेश गर्नुपर्नेछ। आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात र विवरणको जानकारीको लागि राष्ट्रिय योजना आयोगको वेवसाइट www.npc.gov.np मा गई "समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने" लिंकमा जानुहुन अनुरोध छ। आवश्यक सूचना तथा फाईलहरू समेत उक्त लिंकबाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगमा टेलिफोन नं. ०१-४२११५८ मा र समपूरक अनुदानको लागि mgrant@npc.gov.np र विशेष अनुदानको लागि sgrant@npc.gov.np मा सम्पर्क गर्न सकिनेछ।

समपूरक तथा विशेष अनुदानको लागि आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्ने अनलाईन प्रणालीमा लग ईन गर्ने प्रकृया यस प्रकार रहेको छ।

१. प्रदेशहरूको लागि लग-इन गर्ने विवरणहरू राष्ट्रिय योजना आयोगबाट फोन मार्फत उपलब्ध गराईनेछ। www.npc.gov.np मा "समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने" लिंक खोल्ने र उक्त विवरणहरू राखी लग ईन गर्ने।

२. महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाको लागि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको मोबाईल नम्बर रूजु गरी लग इन गर्ने विवरणहरू पठाइनेछ। आयोगको वेवसाईट www.npc.gov.np मा गई "समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने" लिंक खोली उक्त विवरणहरू राखी लग इन गर्ने।